# तपाईको लागि येशूले उहाँको महिमामय सिंहासनलाई छोड्नुभयो; उहाँको लागि तपाईको सिंहासन छोड्न तपाईलाई कतिको गाह्रो छ ?

नयाँ करारले हामीलाई एक जना उच्च ओहदाको व्यक्तिको बारेमा भन्दछ जसले येशूलाई पुर्णरुपमा पछ्याउन सकेनन् किनभने उसले आफ्नो धनलाई अति प्रेम गरे । तपाईले यो कथा लूका १८ अध्यायमा आफ्नो लागि पढ्न सक्नुहुन्छ । येशूले त्यो भेटको वार्तालापलाई धनीका लागि आफ्नो धन अरुलाई दिन कति गाह्रो हुन्छ, यहाँ सम्म कि परमेश्वरलाई दिन पनि गाह्रो हुन्छ भनी टुङ्गाउनु भयो ।

मानिसहरु पैसालाई आफ्नो मुट्ठी राख्न प्रयत्न मात्र गदैनन् । धेरै चोटी मानिसहरु तिनीहरुको बिचारहरुमा रहिरहन कठिनाई भएको पाउँछन्, तिनीहरुले गर्दै गरेको काम गर्न रोक्दछन्, केही कठिनाईमा पनि आँट गर्न सक्दैनन्, यति सम्म कि तिनीहरुले परमेश्वरको वचन र इच्छाको विरुद्ध भए पाए पनि त्यसलाई केही गर्न सक्दैनन् । येशूको प्रभुत्व मुनिको समपर्णले उहाँलाई हाम्रो जीवनको सिंहासनमा राख्नको लागि भन्दछ । तपाईको लागि येशूले उहाँको महिमामय सिंहासनलाई छोड्नुभयो; उहाँको लागि तपाईको सिंहासन छोड्न तपाईलाई कतिको गाह्रो छ ?

## आजको लागि प्रार्थना:

प्रभु, तपाईले आफ्नो पुत्र मेरो लागि दिनुभयो । तपाईको नियन्त्रण मेरो जिवनलाई दिनु मेरो लागि केही पनि होईन । मलाई थाहा छ कि तपाईसित मेरो लागि एउटा असल योजना छ । मेरो जीवनको त्यो क्षेत्र जसको अहिले पनि म नियन्त्रण गर्न चाहान्छु, त्यो क्षेत्रहरु मलाई थाहा गर्न मलाई सहायता गर्नुहोस् । तपाई मात्र परमेश्वर हुनुहुन्छ !

## आजको लागि बाईबल खण्ड:

मर्कूस ८:३५-३६ किनकि जसले आफ्नो प्राण बचाउने इच्छा गर्दछ, त्यसले त्यो गुमाउनेछ, तर मेरो र सुसमाचारको निम्ति आफ्नो प्राण गुमाउनेले त्यो बचाउनेछ । किनभने मानिसले सारा जगत् हात पारेर आफ्नो प्राण गुमायो भने त्यसलाई के फाईदा हुन्छ ?

# हरेकजना केही सिक्ने एक विधार्थी हुन्

आन्ध्रमहासागर(प्यासिफिक ओसिन) को अतिनै गहिराईको भाग मिलिमिटरमा कति गहिरो होला ? अथवा, के तपाई मलाई धुब्रतारा पृथ्वीबाट कति किलोमिटर टाढा होला ? यदि तपाईलाई यी कुराहरु थाहा छैन भने तब यो एउटा कारण हो कि तपाईलाई सबै कुरा थाहा भए पनि सबै कुरा थाहा छैन, र यदि तपाईलाइ सबै कुरा थाहा छैन भने, तपाई केही सिक्ने एक विधार्थी हुनुहुन्छ भन्न म चाहान्छु ।

त्यो अरु मानिसहरु छन्, केही जवानहरु, केही वृद्धहरु, केही बुद्धिमान् र केही मूर्खहरु, केही धनीहरु, केही गरिबहरु, केही शिक्षितहरु, र अरु अशिक्षिहरु, जसलाई तपाईलाई थाहा भएका कुराहरु थाहा छैन भन्दा तपाईलाई अचम्म पार्ला । आफैलाई कहिलै पनि उच्च विचार भएको व्यक्ति नठान्नुहोस् वा आफ्नो बारेमा अहंकार गर्नुहोस् र अरुबाट केही सिक्नु छैन भनी नसोच्नुहोस् । आफैलाई दीन बनाउनुहोस्, असल श्रोता बन्नुहोस् र तपाई आफै-लाई जति चलाख सम्झनुभए पनि अरुलाई महत्व दिनुहोस् । हरेकजना केही सिक्ने एक विधार्थी हुन् !

## आजको लागि प्रार्थनाः

परमेश्वर, मेरो घमण्ड र अहंकारसित व्यवाहार गर्न मलाई सिकाउनुहोस् । म उच्च विचारको व्यक्ति हुन चाहान्न वा अरु भन्दा आफैलाई उठाउँदै अरुको आदरको प्रापक हुन चाहन्न । आज नै म विन्रमतासित हिड्नको लागि रोज्दछु र धेरै शिक्षकहरुबाट र मेरो जीवनको धेरै परिस्थितीहरुबाट सिक्नको लागि मेरो हृदय र मनलाई खुल्ला राख्दछु । आजको दिनलाई तपाईले मलाई केही नयाँ सिकाउनको लागि उपयोग गर्नुहोस्, प्रभु ।

## आजको लागि बाईबल खण्डः

१ तिमोथी ६:१७ यस संसारका धनीहरुलाई घमण्डी नहुने आज्ञा देऊ, र अनिश्चित सम्पत्तिमा होइन तर हामीलाई हरेक थोक प्रशस्तसँग उपयोग गर्न दिनुहुने परमेश्वरमाथि तिनीहरुले आशा राखून् ।

१ पत्रुस ५:६ यसकारण परमेश्वरको शक्तिशाली बाहुलीमुनि तिमीहरु आफैलाई विनम्र तुल्याओ, र उहाँले उचित समयमा तिमीहरुलाई उच्च पार्नुहुनेछ ।

याकूब ४:१० प्रभुको सामने आफूलाई विनम्र तुल्याओ, र उहाँले तिमीहरुलाई उच्च पार्नुहुनेछ ।

# रीसको आवेगमा गरिएको निर्णयले विरलै कसैलाई फाईदा हुन्छ

हाम्रो भ्यालखान विभिन्न व्यक्तिहरु जसले क्षणिक आवेगको झोकमा निर्णय लिए जुन अन्तिमतः कसैको लागि फाईदाको भएन, त्यस्ता व्यक्तिहरु-ले भरिएका छन् । मूर्खता र चोट पुऱ्याउने शब्दहरु र लगाम बिनाको रीसको आवेगमा गरिएको निर्णयहरुका कारण विवाहहरु टुटेका छन् । धेरै व्यक्तिहरुले पछिको असरलाई ध्यानमा नराखी निरासपन र रीसका कारण अचानक तिनीहरुको नोकरीहरु छोडेका छन् । मण्डली संसारमा पनि, रीस उठ्दाको क्षणमा लिईएको निर्णयहरुले ईश्वरले निर्धारणहरु भएको कुराहरुको हुनबाट चुकेका छन् ।

तैपनि, रीस मात्र सधैं समस्या हुँदैन । बरु, समस्या भनेको प्रायः हामीले के भन्ने निर्णय गर्छौं वा रीसको क्षण के गर्छौं, त्यही नै समस्या हो । बाईबलले हामीलाई रीस गर्न तर पाप नगर्नका लागि भन्दछ । सूर्य अस्ताउँनञ्जेल नै रीस गर्नका लागि न त भन्दछ । निराशजनक परिस्थितीहरु-उचितसित व्यवहार गर्न परमेश्वरसित मद्दत माग्नुहोस् र तपाईको रीसको आवेगमा निर्णयहरू नलिनुहोस् ।

## आजको लागि प्रार्थनाः

पिता, आज नै रीस गर्नबाट पछि हट्न र रीसमा मलाई बोल्न अघि र कार्य गर्न अघि परिस्थितीहरुलाई बुझ्न मलाई सहायता गर्नुहोस् । मलाई थाहा छ कि यदि मैले मेरो आत्मालाई तपाईको आत्माको नियन्त्रणमा दिए भने, मेरो जीवनको हरेक क्षेत्रहरुमा सकारात्मक परिवर्तन म ल्याउनेछु ।

### आजको लागि बाईबल खण्ड

याकूब १:२० किनकि मानिसको रीसले परमेश्वरको धार्मिकता ल्याउँदैन ।

एफिसी ४:२६ क्रोध गर, तर पाप नगर । घाम अस्ताउन अघि नै तिमीहरुको रीस मरोस् ।

उपदेशक ७:९ मनमा झट्टै नरिसाउ, किनभने रीस त मूर्खहरुको काखैमा बसेको हुन्छ ।

# जिम्मेवारी वहन गर्ने व्यक्तिलाई मात्र अधिकार दिईनु पर्दछ

सबैजना अरुमाथि प्रभाव पार्न चाहान्छन् र धेरै मानिसहरु अधिकार गर्ने स्थानमा बस्न चाहान्छन् ताकि तिनीहरु आफ्नो सोचाईको आधारमा निर्णयहरु गर्न सकूनँ र तिनीहरुको आफ्नो इच्छा अनुसार कामहरु गरियोस् । हामी जे सोच्दछौं त्यो ठीक छ भनी ठान्नु र हाम्रो विचारले फरक पार्दछ भनी सोच्नु एउटा साधारण मनविय स्वभाव हो । तैपनि, त्यो व्यक्ति जो काम गर्नका लागि जिम्मेवारी वहन गर्न ईच्छुक छ, काम गर्दछ, वा गलत भएमा त्यसको दोष आफैमा लिने व्यक्ति सजिलै भेट्टाउन सकिदैन । धेरै मानिसहरु अधिकार गर्ने स्थान चाहान्छन् तर धेरै जिम्मेवारी वहन गर्न भने तयार छैनन् ।

जब परमेश्वरले कसलाई उहाँको राज्यको जिम्मेवारी दिनका लागि हेर्नुहुन्छ, उहाँले त्यो व्यक्तिलाई हेर्नुहुन्छ जो उहाँको राज्यको जिम्मेवारी वहन गर्न् ईच्छुक छ । भन्नुको अर्थ, एउटा व्यक्ति जसले व्यक्तिगतरुपमा तिनीहरुको यरुशलेम, यहूदिया, सामरिया र संसारको अन्तसम्मै परमेश्वरको वचन सिकाउँदै र त्यही अनुरुपको जीवन व्यतित गर्दै परमेश्वरको राज्यको विस्तार र वृद्धि गर्नका लागि उत्तरदायित्व लिदँछ । तपाई के चाहानुहुन्छ ? बढी अधिकार कि बढी जिम्मेवारी ? जिम्मेवारी वहन गर्ने व्यक्तिलाई मात्र अधिकार दिईनु पर्दछ ।

## आजको लागि प्रार्थनाः

पिता, तपाईको राज्यको काममा मलाई अरु बढी जिम्मेवार बनाउँनुहोस् । मलाई ठूलो साक्षी हुनलाई मद्दत गर्नुहोस् र मलाई मेरो उत्तर-दायित्वको परिणाम अनुसारको अधिकार दिनुहोस् ।

## आजको लागि बाईबलको खण्डः

हितोपदेश २९:२ धर्मी सप्रेमा मानिसहरु रमाउँछन्, दुष्टले शासन गर्दा मानिसहरु वेदनाले छटपटाउँछन् ।

मत्ति ७:२९ किनकि उहाँले तिनीहरुका शास्त्रीहरुले झैं होइन, तर अधिकार भएको मानिसले जस्तो गरी सिकाउनुहुन्थ्यो ।

मत्ति ८:९ किनकि म पनि अधिकारीहरुका अधीनमा छु, अनि मेरो अधीनमा सिपाहीहरु छन् । म एक जनालाई “जा” भन्छु, अनि त्यो जान्छ, र अर्कालाई “आइज” भन्छु, अनि त्यो आउँछ । मेरो कमारालाई “यसो गर्” भन्छु, अनि त्यसले त्यो गर्छ ।

## हामीले गर्छु भनेको कुरा नै गर्दछौं, र हामीले पाउने कुरा नै पाउँछौं किनभने हामीले रोजेको कुरा नै हामी गर्दछौं

हामी त्यही सोच्दछौं जुन हामी सोच्दछौं, हामीलाई जस्तो लाग्छ त्यस्तै हामी अनुभव गर्दछौं, र हामीलाई त्यही चाहिन्छ जुन हामी चाहान्छौं किनभने त्यही कुरा विश्वास गर्दछौं जुन हामी विश्वास गर्दछौं । जसरी पनि, हामी त्यही काम गर्छौं जुन हामी गर्छु भनी भन्छौं, र हामीले त्यही पाउँछौं जुन हामीले पाउनुपर्छ किनभने हामीले जे गर्नका लागि रोज्दछौं त्यही गर्नलाई रोज्दछौं । यदि एउटा व्यक्तिले परमेश्वरको वचनले भनेको कुरा अनुसार तिनीहरुको विश्वासलाई परिवर्तन गर्न सक्ने हो भने र त्यसपछि परमेश्वरको वचन अनुसारको काम गर्ने र बोल्ने कुरालाई रोज्ने हो भने, तब यसले तिनीहरुको विचारलाई, अनुभवलाई, तिनीहरुको चाहानाहरुलाई, तिनीहरुको कामलाई र अतः तिनीहरुले पाउनु पर्ने कुरालाई

समेत परिवर्तन गरिदिनेछ । किनभने जब तपाईले परमेश्वरको वचनले जे भन्दछ त्यसमा विश्वास गर्नुहुन्छ र परमेश्वरको वचनले भनेको अनुसार गर्नुहुन्छ, तब तपाईले परमेश्वरको वचनले प्रतिज्ञा गरेका कुराहरु पाउनुहुन्छ । आजै निर्णय गर्नुहोस् कि तपाईको अनुभवहरु र तपाईको जीवनको परिस्थितीहरु भन्दा माथि परमेश्वरको वचनमा तपाई विश्वास गर्नुहुनेछ । अझ बढी, परमेश्वरको वचन अनुसार तपाईको जीवनलाई सर्मपण गर्नुहोस् र तपाईको रोजाईं उहाँको इच्छा अनुरुपा भएको होस् । तपाईले यी कुराहरु गर्नु हुँदा, यस संसारमा यहाँको राज्यको प्रतिविम्ब र प्रर्दशन नभएसम्मका लागि तपाईले तपाईको जीवन अलि-अलि गर्दै परिवर्तन भएको पाउनुहुनेछ ।

आजको प्रार्थनाः

पिता, आजै तपाईको वचनलाई सत्यताको रुपमा अंगाल्न मलाई सहायता गर्नुहोस् । यसले मैले गर्ने र वोल्ने सबै कुराहरुमा परिवर्तन गरि-दिएको होस् । म तपाईको इच्छा चाहान्छु ।

आजको लागि बाईबल खण्डः

याकूब १:२२ तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोखा नदेओ ।

यूहन्ना १७ :१७ तिनीहरुलाई सत्यतामा पवित्र पारिदिनुहोस्, तपाईको वचन सत्य हो ।

प्रेरित २०:३२ अब म तपाईहरुलाई परमेश्वरमा र उहाँका अनुग्रहको वचनमा सुम्पिदिन्छु, जसले तपाईहरुलाई सुदृढ़ पार्न सक्छ, र पवित्र पारिएकाहरु सबैका बीचमा उत्तराधिकार दिन सक्छ ।

# उहाँले तपाईबाट भए काम गर्नु पूर्व परमेश्वरले तपाईभित्र र तपाईमा काम गर्नुहुन्छ

यदि तपाई दिमागको शल्यचिकित्सक हुन पर्ने जस्तो तपाईलाई लागेमा तपाई के गर्नुहुन्छ ? सबै भन्दा बढी, मानिलिनुहोस् कि त्यस्तो प्रकारको शल्यक्रिया गर्नका लागि चाहिने आवश्यक शीपहरुद्धारा तपाई बस्तवमा नै वरदान दिईएको छ । के यी कुराहरुले मात्र तपाईलाई त्यस्तो सेवाको काम गर्नलाई योग्य बनाउँला ? होइन ! म तपाईलाई सल्लाह दिन्छु कि त्यसको लागि तपाईलाई केही शिक्षा, तालिम र अनुभव हासिल गर्नका लागि आवश्यक गृहकार्यको कामको आवश्यकता छ र सम्भवतः आफैलाई योग्य भएको कुरा प्रमाणित गर्ने समय पछि, तपाईको क्षमतालाई थाहा गरिसकेपछि, त्यसको कदर भएपछि, र केही सकारात्मक नजिताहरु पछि मात्र तपाईले त्यो काम गर्न सक्नुहुन्छ । जीवनको सबै अति गंभिर कार्य

क्षेत्रहरुमा पनि त्यही कुरा लागू हुन्छ । हाम्रो क्षमता तबसम्म क्षमता मात्र हुन्छ जबसम्म हामीले हाम्रो बोलावटको लागि पर्याप्त तयारी गरी सक्दैनौं । जीवनको केही गंभिर अनुशासनको क्षेत्रहरु जस्तै विवाह, परिवार, र सेवकाईको लागि जीवन भरिको तालिमको आवश्यकता पर्दछ ।

परमेश्वरको राज्यको कामको लागि उहाँलाई तपाईको आवश्यकता छ र तपाईलाई उहाँले प्रयोग गर्न चाहानुभएतापनि, उहाँले तपाईबाट भएर काम गर्नु पूर्व तपाईभित्र काम गर्न चाहानुहुन्छ, तपाईमा काम गर्न चाहानुहुन्छ ।

## आजको लागि प्रार्थनाः

प्रिय प्रभु, मेरो बोलावटलाई स्वीकार गर्नका लागि र तयारीको लागि चाहिने समय र मौकालाई स्वीकार्न मलाई अनुग्रह गरिदिनुहोस् ताकि मलाई तपाईले बोलाउनुभएको काम पूरा गर्नका लागि म पूर्ण योग्य हुनसकूँ ।

## आजको लागि बाईबल खण्डः

एफिसी ४:११, १२ अनि उहाँका वरदानहरु चाहिँ यी नै थिए, कि कोही प्रेरितहरु, कोही अगमवक्ताहरु, कोही प्रचारकहरु, कोही मण्डलीका पास्टरहरु र कोही शिक्षकहरु बनून् कि ख्रीष्टको शरीर निमार्ण होस् र सेवाको काम गर्न सन्तहरु सुसज्जित होऊन् ।

फिलिप्पी २:१३ किनकि तिमीहरुलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्न र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरुमा काम गर्नुहुन्छ ।

## तपाईको नयाँ कुरामा त्यहाँ एउटा स्थान छ जहाँबाट अवप्रान्त शैतानले तपाईलाई फर्काउन सक्दैन

तपाईको जीवन परिवर्तन गर्नका लागि गरिएको प्रयत्न पहिलो चोटी त एउटा कठिन कार्य जस्तो लाग्न सक्दछ, केहीका लागि त त्यो पूरा गर्न असम्भव नै हुन्छ जस्तो लाग्ला । जीवन परिवर्तन विशेष गरी ती व्यक्तिहरुको लागि कठिन हुँदछ जोहरु दुर्व्यसनी वा कुनै पनि कुराको लतको आदी भएको छ । एउटा लाक्षणिक अनुवभ भनेको त्यो हो जुनमा तीन कदम अगाडि चालिन्छ र फेरी दुई कदम पछि सारिन्छ । यस्तो लाग्छ कि पुनःस्थापनाको हरेक प्रयास असफल तुल्याउने परिक्षा माथि परिक्षाहरुले भरिएको छ, पुरानो व्यवहारमा चिप्लाउने र पूनः पाप गर्न लगाउने किसिमको छ । धेरै मानिसहरु तिनीहरुको जीवन परिवर्तनको मार्गमा निराश हुन्छ र प्रयास गर्न नै छाडिदिन्छन् । तिनीहरुलाई लाग्दछ कि तिनीहरुले त्यो गर्न सक्दैनन् । तिनीहरु गलत छन् । तपाईको नयाँ कुरामा त्यहाँ एउटा स्थान छ जहाँबाट अवप्रान्त शैतानले तपाईलाई फर्का-उन सक्दैन । परमेश्वरको वचन अनुरुप पुनरुस्थापनाको सही मार्गमा आफैलाई ल्याउनुहोस् र त्यही मार्गमा लागिराख्नुहोस् । परमेश्वरको इच्छा गर्दै तपाई लामो आयु बाँच्ने, लामो समय टिक्ने वा धेरै टाढा पुग्न सक्नुहुन्न भन्ने त कुरै छैन । यदि तपाई लड्नुभयो भने, उठ्नुहोस्, आफैलाई ताजा बनाउनुहोस् र फेरी प्रयास गर्नुहोस्... तपाईले सफलता पाउनुहुनेछ ।

### आजको लागि प्रार्थना :

पिता, असफलता पराजय होइन भनी महशुस गर्न र तपाईले म बाट सफलतालाई परराखि राख्नुभएको छ भनी नसोच्नका लागि मलाई सहायता गर्नुहोस् । मलाई मैले सहन सक्ने भन्दा बढी गरी शैताले मलाई परिक्षा गर्नबाट मलाई टाढा राख्नुहोस् र येशूको नाउँमा मेरो असफलताबाट पुन्ःस्थापना हुन मलाई सहायता गर्नुहोस् । आमेन ।

### आजको लागि बाईबल खण्डः

प्रस्थान १४:१३ मोशाले इस्राएलीहरुलाई भने, “तिमीहरु नडराओ, स्थिर होओ, र परप्रभुले आज तिमीहरुलाई दिनुहुने छुट्कारा हेर । यी मिश्रीहरु जसलाई तिमीहरुले आज देखेका छौं, उनीहरुलाई तिमीहरु फेरि कहिल्यै देख्नेछैनौं ।”

१ कोरिन्थी १०:१३ मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरु अरु परीक्षामा परेका छैनौं । परमेश्वर विश्वासयोग्य हुनुहुन्छ । उहाँले तिमीहरुलाई तिमीहरुका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ–यसरी तिमीहरु त्यसलाई खप्न सक्नेछौं ।

## तपाईको सफलता प्राय अरुको कारणबाट हो...त्यसैले दयालु हुनुहोस्

म एउटा मानिसहरुको आँखामा अति नै ठूलो र अति सफलत मण्डीलीको पास्टर हुँ । हामीले मिशनरीहरु(सेवकहरु)लाई तालिम दिएको छौं र सेवा गर्नका लागि पठाएका छौं, मण्डलीहरु स्थापना गरेका छौं, टुहुरा बालबालकिलाई आश्रय दिएका छौं, स्वास्थ्य सेवामा पैसा लगानी गरेका छौ, भोजन गृहहरु खोलाका छौं, र वर्तमानमा संसारभरि नै हाम्रा मानिसहरु छन् । परमेश्वरले मलाई सुम्पनुभएको काममा कहिल्यै पनि रोकिनु पर्दैन, सधैं सूर्य उदाइरहन्छ । तैपनि, त्यो सफलता मेरोबाटको होइन । हामीले सबै महिमा परमेश्वरलाई दिएतापनि, यी कुनै पनि काम अरुहरु आएर हाम्रो दर्शनमा सामेल नभएको भए, तिनीहरुको स्रोतहरुलाई खर्चका लागि इमान्दार नभएको भए, र काम गर्नका लागि तिनीहरुको परिश्रम नखिर्चिएको भए, यो काम गर्न सकिन्नथ्यो । तिनीहरुको सेवकाईलाई जोगाइ राख्ने म भन्दा त्यहाँ बढी क्षमता भएका अरु महान् मानिसहरु छन्, र पनि, मेरो काम भने सफल भयो । किन ? किनभने यो परमेश्वरको अनुग्रहबाट थियो । संभवतः कुनै प्रकारले, तर यो भन्दा अरु प्रकारले मैले यो बुझे कि सफलता प्राय अरु व्यक्तिहरुमा भर पर्दछ जोहरुले तिनीहरुको समय दिन्छन्, शीप र स्रोतहरुलाई प्रयोग गर्दछन्, हाम्रो उत्पादनलाई खरिद गर्दछन्, वा हाम्रो गीत गाउँदछन् । त्यसकारण, अरुसित दयालु हुनुहोस् ।

### आजको प्रार्थनाः

प्रिय परमेश्वर, मैले आफैलाई ठान्नु पर्ने भन्दा बढी उच्च नठान्नको लागि मलाई सहायता गर्नुहोस् तर मलाई तपाईहरु अरु धेरै व्यक्तिहरुसित जोहरु पनि त्यही उद्देश्यका लागि काम गर्दछन्, त्यी व्यक्तिहरुको एउटा टिममा राख्नुभएको छ भनी महशुस गराउँनुहोस् । मेरो टिमका साथीहरुको प्रशंसा गर्न मलाई सिकाउनुहोस् र मैले विश्वास गरेको कुरामा सहमत हुनेहरु प्रति दयालु हुन मलाई सिकाउनुहोस् । आमेन ।

### आजको लागि बाईबल खण्डः

रोमी १२ः३ किनभने मलाई दिइएको अनुग्रहद्धारा तिमीहरुमध्ये हरेकलाई म आग्रह गर्दछु, जसले आफूलाई जस्तो सम्झनुपर्छ त्यसभन्दा बढ़ी नसम्झोस्, तर परमेश्वरले हरेकलाई दिनुभएको विश्वासको नापबमोजिम सन्तुलित विचारले सोचोस् ।

१ कोरिन्थी १२ः२१-२२ आँखाले हातलाई “मलाई तेरो दरकार छैन” भन्न सक्दैन, र शिरले पनि खुट्टालाई “मलाई तिमीहरुको दरकार छैन” भन्न सक्दैन । बरु शरीरका अझ दुर्बल देखिने अङ्गहरु नै नभई नहुने हुन्छन् ।

## हाम्रो विगतको सफलताहरु भन्दा भविष्यको आशाहरुमा नै त्यहाँ बढी संभाव्यता हुन्छ

जब युसुफ एक जवान केटा थिए, जस्तो कि उत्पत्तिको पुस्तकमा लेखिएको छ, उसले आफ्नो निगाह पाए र जसकारण उनले एउटा विशेष र धेरै रङ्गहरुले बनेको लुगा पाए । यो लुगा उनको दाजुभाइहरु र अरुहरुका लागि उनी असल र प्यारो छोरो भन्ने उनको राम्रो स्थरको एउटा प्रतिक थियो । पछिबाट युसुफ आफैलाई एउटा अपरिचित देशमा दासको रुपमा भेट्टाउँदछन् । फेरी, उनले आफैलाई राम्रो बनाउँदछन् र उनले यस्तो व्यवहार देखाए कि उनी प्रमुख व्यक्तिको रुपमा नियुक्त भए । त्यो नियुक्तीको लगतै पछि, युसुफलाई फसाँइन्छ र ५यालखानामा हालिन्छ । त्यहाँ पनि, उनको विगतलाई बिर्सि पुन उनको नयाँ दिनको चुनौतीहरुमा लाग्दछन् र हाल परमेश्वरले जे दिनुभएको छ त्यसमा कार्य गर्न थाल्दछन् । छिट्टै नै युसुफ त्यहाँको पनि मुख्य व्यक्ति बन्छन् । यस्तो देखिन्छ कि जीवनको जस्तो सुकै उल्झनहरुको बीचमा पनि, उनी परिश्रम गर्न सवल थिए, र उनको भविष्यको लागि आफैलाई असल स्थरमा राख्दथ्ये । वास्तवमा, युसुफ अन्तः त मिश्रको शासक भए । युसुफ कसरी जीवनको हर समयमा सफल भए ? उनले यो सिद्धान्त बुझे कि हाम्रो विगतको सफलताहरु भन्दा भविष्यको आशाहरुमा नै त्यहाँ बढी संभाव्यता हुन्छ । तपाई भएको स्थानमा नै फक्रने निर्णय गर्नुहोस् ।

### आजको लागि प्रार्थनाः

पिता, मलाई विगतमा तपाईले दिनुभएको सबै सफलताहरुको लागि तपाईलाई धन्यवाद छ । तैपनि मसित आज भएको क्षमताको अपेक्षा भोलीको लागि गर्दछु । मेरो भविष्यमा सहभागी हुनका लागि म रोज्दछु र म जहाँ छु त्यही फक्रन्छु ।

### आजको लागि बाईबलको खण्डः

यर्मिया २९:११ किनभने जुन योजनाहरु मैले तिमीहरुका निम्ति बनाएको छु, ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ । ती तिमीहरुका उन्नतिका निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरुलाई आशा र भविष्य दिनलाई ।

यशैया ४३:१८-१९ बितेका कुराहरुलाई भूल, उहिलेका कुराहरुलाई विचार नगर । हेर, म एउटा नयाँ कुरो गर्दैछु ! त्यो अब हुन आउँछ । के तिमीहरु त्यो देख्दैनौं ? म मरुभूमिमा एउटा बाटो र रुखो जमीनमा खोलाहरु बनाउँदैछु ।

# जब सम्म तपाईले सही विश्वास गर्नुहुन्छ आत्माको कुरो एउटा ठूलो मित्र हो

आत्मा मन, इच्छा र भावनहरुको घर हो । मनले कुनै एक व्यक्तिको विश्वासको आधारलाई सहायता गर्न  तुरुन्तै कारणहरु र र्तकहरु दिदँछ । मनको तौरतरिका भनेको ती कुराहरुलाई हेर्नु हो जनुले हाम्रो विश्वासलाई प्रमाणि गर्दछ र त्यी विश्वासहरुलाई र्तकहरु र एउटा निर्णयलाई असर गर्ने प्रयत्नको अरु दवाबहरु दिनका लागि सहायता गर्दछ । यसकारणले गर्दा नै जब सम्म तपाईले सही विश्वास गर्नुहुन्छ आत्माको कुरो एउटा ठूलो मित्र हो । तैपनि, यदि कुनै गलतमा कुरामा विश्वास गर्दैछौं भने, आत्माले हामीले विश्वास गरेको कुरा भन्दा टाढा जानबाट जोगाउन हाम्रो त्रुटीहरुलाई सहायता दिन निरन्तरता दिदँछ । हामीलाई त्यही सोच्दछौं जुन हामी सोच्न चहान्छौं, त्यही अनुभव गर्दछौं जुन हामी अनुभव गर्न चाहान्छौं र त्यही चाहान्छौं जुन हामी चाहाना गर्दछौं किनभने जुन हामी विश्वास गर्न चाहान्छौं त्यही हामी विश्वास गर्दछौं । यसकारणले गर्दा, हामी हाम्रो कारणहरुमा, अनुभवहरुमा, वा अनुभूतिहरुमा जुन परमेश्वरको वचनको विपरितमा छ, त्यसमा विश्वास नगर्नु हाम्रो कर्तव्य हुन आउँछ । परमेश्वरको इच्छालाई तपाई महशुस गर्नुहुन्छ भनी जाँच्नुको सट्टामा आफैलाई परमेश्वर वचनद्धारा जाँच्नुहोस् ।

## आजको लागि प्रार्थनाः

प्रिया पिता, मसित बोल्ने आवाजहरु छुट्टाउन र सबै अनुभवहरुलाई तपाईको इच्छा हो भनी मानी नलिनका लागि मलाई सहायता गर्नुहोस् । म मेरो विचारहरुलाई र मेरो कार्यहरुलाई तपाईको वचनाद्धारा जाँच्दछु । मैले के विश्वास गर्नु पर्छ भनी मलाई सिकाउनुहोस् ।

## आजको लागि बाईबल खण्डः

हितोपदेश ३:५-८ आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख् र तेरो आफ्नै समझशक्तिमा भर नपर् । आफ्ना सारा मार्गमा उहाँलाई सम्झी, र उहाँले तेरो मार्गहरु सोझा तुल्याइदिनुहुनेछ । आफ्नै नजरमा बुद्धिमान् नहोऊ, परप्रभुको भय मान् र दुष्कर्मलाई त्याग् । यसले तेरो शरीरलाई स्वस्थ तुल्याउनेछ र तेरो हड्डीको लागि पोषण दिनेछ ।

# महान दायित्व

फ्रेन्चमा, महान् दायिव्य भनेको, वास्तविकरुपमा, भश्रतापूर्ण गर्नु पर्ने कर्तव्यहरु हुन्छ, वा “शिष्ट कर्तव्य” हुन्छ । यो साधारणतया जिम्मेवारीहरुसितै आएको धन, शक्ति र मानसित प्रयोग गरिन्छ ।

तपाईको नशामा एउटा राजाको राजकिय रगत बहन्छ । तपाई परमेश्वरको सिंहासनको उत्तराधिकारी र येशूसित सहउत्तराधिकारी हुनुहुन्छ । तपाईलाई परमेश्वरले जीवनमा राजाहरु र पुजाहरीहरुले जस्तै अधिकार गर्न र शासन गर्नका लागि चुन्नुभएको छ । जीवनको यो अति सम्मानिय कामको साथै, जसको लागि तपाई नयाँ गरी जन्मनुभएको छ, त्यसमा एउटा निश्चित गर्नु पर्ने काम छ । तपाई अब तपाईलाई दिईएको राज्यको विस्तार र वृद्धिको लागि जिम्मेवार हुनुहुन्छ... उठ्नुहोस् र चुनौतीको सामना गर्नुहोस् !

## आजको लागि प्रार्थनाः

पिता, तपाईको राजकिय परिवारमा मलाई लिनुभएको लागि तपाईलाई धन्यवाद छ । मलाई मेरो कर्तव्यहरु बु५नका लागि सहायता गर्नुहोस् र जिम्मेवार तवरले तिनीहरुलाई पुरा गर्नका लागि मलाई अनुग्रह गरिदिनुहोस् ।

## आजको लागि बाईबल खण्डः

१ पत्रुस २:९ तर तिमीहरु त चुनिएका वशं, राजकीय पुजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौं । उहाँले तिमीहरुलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरु उहाँका आश्र्चयपूर्ण कार्यहरुको घोषणा गर्न सक ।

गलाती ४:७ यसैकारण, परमेश्वरद्धारा तिमी अब उप्रान्त दास होइनौं, तर पुत्र हौं, र पुत्र हौ भनेता उत्तराधिकारी पनि हौं ।

प्रकाश ५:१० र तिनीहरुलाई राज्य र हाम्रा परमेश्वरका पूजाहारी बनाउनुभएको छ, र तिनीहरुले पृथ्वीमा राज्य गर्नेछन् ।

# हिरा केही नभई तर एउटा पूरानो कोइलाको टुका मात्र हो जुन धेरै चापमा परेर बन्छ

बाईबलले हामीलाई भन्दछ कि हाम्रो वर्तमानको कष्टहरु केबल क्षणीक दबावहरु मात्र हुन् जुन परमेश्वरले हाम्रो विरुद्ध होइन तर हाम्रो लागि प्रयोग गर्नुहुन्छ । शत्रुको तीर पनि परमेश्वरले हामीलाई शुद्ध बनाउनको लागि, हामीलाई नियन्त्रण गर्न, र परिवर्तनको अवस्थामा ल्याउनका लागि  प्रयोग गर्न सक्नुहुन्छ । यी ठूलो दबावहरुको तातो समयहरुमा हामी परमेश्वरको हातमा अरु धेरै परिवर्तनका लागि तयारी हुन सक्छौं र जब आगो र दबावका समयहरु सकिन्छन्, हामी परमेश्वरको प्रतिरुपमा अरु ढल्डछौं, पहिले भन्दा अरु बढी पवित्र र बढी मूल्यवान हुन्छौं ।

जब तपाईले विपक्षीहरुको सामना गर्नुहुन्छ, दबावहरुको सामना गर्नुहुन्छ, तिनीहरुले तपाईलाई निराश बनाउन नदिनुहोस् । बरु, हिरा केही नभई तर एउटा पूरानो कोइलाको टका मात्र हो जुन धेरै चापमा परेर बन्छ भनी सोच्नुहोस् । चुनौतीहररुको बावजुद पनि जीवनको हरेक समय       निरन्तर अगाडि बढिरहनुहोस् । एउटा असल सिपाहीले जस्तै जीवनको चाप र कठिनाईहरुको सामना गर्नुहोस् र तपाईको जीवनमा परमेश्वर-लाई उहाँको आश्चर्यको काम गर्ने समय र मौका दिनुहोस् ।

## आजको लागि प्रार्थनाः

प्रिय प्रभु, जीवनको अति नै थकाउने प्रकियाहरुमा केन्श्रित हुनुको सट्टा पुरा भई निस्किएको परिणाममा ध्यान केन्श्रित गर्न मलाइ सहायता गर्नुहोस् । मभित्र ठूलो क्षमताको विकास गराउनुहोस् र तपाईको इच्छा अनुसार गर्नका लागि अरु मूल्यवान मलाई बनाउनुहोस् ।

## आजको लागि बाईबल खण्डः

२ कोरिन्थी ४:१७-१८ किनकि हाम्रो हलुको र क्षणभरको कष्टले हाम्रा निम्ति अतुलनीय तथा अनन्तको महान् महिमा तयार गरिरहेछ । हामी दृश्य कुरालाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन् ।

अयूब २३:१० तर मैले लिएको बाटो उहाँ जान्नुहुन्छ । उहाँले मलाई जाँच गर्नुहुँदा म खारिएको सुनझैं ठहरिनेछु ।

## प्रायजस्तो धेरै शैतानले तपाईसित बोल्दछ, तपाईबाट भएर बोल्दछ

धेरै आवजहरु त्यहाँ छन् जसले हामीलाई निर्णयहरु लिनका लागि विचारहरु र तर्कहरु दिई हामीसित बोल्दछ जुन त्यो आवाजको उचित स्रोत हुन् । एउटा आवाज जुन धेरै पटक हामीलाई कसको हो भनी छुट्टाउनका लागि गाह्रो पर्दछ, त्यो आवाज हाम्रो शत्रु, शैतानको हो । प्रेरित पत्रुस विश्वासीहरुलाई सचेत र जागा रहनको लागि उत्साजित गर्दछन् किनभने हाम्रो शत्रु शैतान गर्जने सिंह जस्तै कसरी भेट्टाउ र खाँऊ भनी हिँड्छ.... विश्वासमा दह्रिलो भएर त्यसको विरोध गर । प्राय धेरै अति कठिन युद्ध भनेको मनभित्रको युद्ध हो, एकको विरुद्ध अर्को आउने विचारहरु हुन्, जुन हामीसित हाम्रो अनुभवहरुद्धारा, कारणहरुद्धारा, र्तकद्धारा, भावनाहरुद्धारा र इच्छाहरुद्धारा बोल्दछ । धेरै पटक शैतान तपाईको मनमा कारणको आवाजको खोल ओढी आउँछ । शत्रुको आवाज पहिचान गर्नलाई सिक्नुहोस् र उनलाई नपछ्याउनु होस् ।

### आजको लागि प्रार्थनाः

स्वर्गिय पिता, तपाईको आवाज र शैतानको आवाज बीच छुट्टाउन मलाई सहायता गर्नुहोस् । येशूको नाउँमा मलाई विजय हुनलाई सहायता गर्नुहोस् । मलाई थाहा छ कि तपाईले मलाई सार्मथ्य दिनुहुनेछ ।

### आजको लागि बाईबल खण्डः

यूहन्ना १०ः ३-५ ढोकेले उसको लागि ढोका खोलिदिन्छ, र भेड़ाहरुले उसको सोर सुन्छन्, र उसले आफ्ना भेड़ाहरुलाई नाउँ काढ़ी-काढ़ी बोलाउँछ, अनि तिनीहरुलाई बाहिर लैजान्छ । जब उसले आफ्ना सबै भेड़ाहरुलाई बाहिर निकालिसक्छ, ऊ तिनीहरुका अगि-अगि हिँड्छ, र भेड़ाहरुले उसलाई पछ्याउँछन्, किनभने तिनीहरुले उसको सोर चिन्छन् । तर अपरिचित व्यक्तिलाई तिनीहरु पछ्याउँदैनन्, तर त्यसदेखि भोग्ने-छन् । किनभने अपरिचित व्यक्तिको सोर तिनीहरुले चिन्दैनन् ।

यूहन्ना १०२७ मेरो भेड़ाहरुले मेरो सोर सुन्छन्, र तिनीहरुलाई म चिन्छु, र तिनीहरु मेरो पछि आउँछन् ।

# तपाईको जीवनको लागि परमेश्वरको उद्देश्य तपाईको प्रचुर क्षमता हो

एउटा नदी कहिल्यै पनि त्यसको श्रोत भन्दा माथि उठ्दैन र न त एउटा व्यक्तिले उसको जीवनको लागि परमेश्वरको इच्छा र उद्देश्य परमेश्वर-ले भन्दा बढी राम्ररी पुरा गर्न सक्दछ । एउटा व्यक्ति जति धेरै शीपालु र वरदानले पूर्ण भए तापनि, तिनीहरुको विगतको सफलताहरु वा व्यक्तिगत लक्ष्यहरु, तिनीहरुको क्षमता कहिल्यै पनि परमेश्वरले तिनीहरुको जीवनको लागि रोज्नुभएको मार्ग भन्दा पर जान सक्दैन ।

आजै तपाईको जीवनको लागि परमेश्वरको इच्छा र उद्देश्यलाई खोज्नुहोस् र अरु कुनै कुरामा पनि अड्किनुहोस् । हाम्रो जीवनको लागि परमेश्वर-ले राखिदिनुभएको उत्तम कुरालाई प्राप्त गर्न छोडेर जीवन देखि चकित नहुनुहोस् वा संसारले भनेको जस्तो महान हुनलाई नझुक्नुहोस् । “ मेरो इच्छा होइन तर तपाईको इच्छा पुरा होस् ” भन्ने तपाईको दैनिक प्रार्थना हुनुपर्छ ।

## आजको लागि प्रार्थनाः

मलाई तपाईको इच्छा गर्न सिकाउनुहोस्; किनकि तपाई मेरो परमेश्वर हुनुहुन्छ : तपाईको आत्मा असल हुनुहुन्छ; उच्चताको भूमिमा मलाई अगुवाई गर्नुहोस् । आमेन (भजन संग्रह १४३:१०)

## आजको लागि बाईबल खण्डः

प्रेरित १३:२२ उहाँले तिनलाई हटाउनुभएपछि दाऊदलाई तिनीहरुका राजा हुन खड़ा गर्नुभयो । उनको विषयमा परमेश्वरले गवाही दिएर भन्नुभयो, “मैले यिशैको छोरो दाऊदलाई मेरो हृदयअनुसारको मान्छे पाएँ, जसले मेरा सबै इच्छा पूरा गर्नेछ । ”

हिब्रु १०:७ तब मैले भने, “हेर्नुहोस्, हे परमेश्वर, पुस्तकको मुट्ठोमा मेरो बारेमा लेखिजस्तै तपाईकै इच्छा पूरा गर्न म आएको छु ।”

भजन संग्रह ४०:८ हे मेरा परमेश्वर, तपाईको इच्छाबमोजिम गर्न म चाहन्छु, तपाईको व्यवस्था मेरो हृदयभित्र छ ।

# सुसमाचार सुनाउँदा यो याद राख्नुहोस् कि यो एउटा असल खबर हो

हामीले सुनेका छौं कि केहीले आधा भरिएको गिलासलाई देख्दछन् भने कहीले आधा गिलास देख्दछन् । जीवनको हरेक कुरा नकारात्मक र सकरात्मक दुवै कुराहरु छन् । दुर्भाग्यवश, हामी प्रत्येकले सत्यता रोज्नुपर्दछ र कुन दृष्टिकोणबाट सत्यता अरुलाई बताउने भनी निर्णय गर्नुपर्दछ । के तपाईले कहिल्यै अरुलाई दोष लगाउने आत्मा भएको कसैलाई भट्टाउनुभएको छ ? मानिसहरुले गलती नगरुन भनी तिनीहरुले मानिसहरुलाई नकरात्मक दृष्टिकोणबाट चुनौती दिने कामलाई निरन्तरता दिए । जब कि त्यही समयमा, अरुहरु जो अनुग्रहले भरिएको आत्माका थिए सही के हो सो गर्नका लागि आवह्न गर्दै सकारात्मक दृष्टिकोणबाट चुनौती दिए । जब तपाई सुसमाचार अरुहरुलाई सुनाउनुहुन्छ, "सुसमाचार" भनेको असल खबर हो भनी यादराख्नुहोस् । संभवतः यदि तिनीहरुले परमेश्वरको लागि जिएनन् भने के हुन्छ भनी परिणाम भन्नुको सट्टा तिनीहरुलाई परमेश्वरको लागि जिउँदा त्यसबाट पाईने फाईदाको बारेमा भन्दा तपाई अरु बढी सफलता पाउनुहुन्छ ।

## आजको लागि प्रार्थनाः

हे प्रभु, ज-जसलाई म भेट्दछु, ती आत्माहरुका लागि मलाई अनुग्रह र कृपा, सुझ-बुझ र क्षमादान, आशा अनि सहायता गर्ने हृदयले भरि-दिनुहोस् । खराब खबरको सट्टामा तिनीहरुलाई असल खबर सुनाउँन सकूँ । तिनीहरुलाई नर्ग होइन स्वर्गतिरको बाटो देखाउन मलाई मद्दत गर्नुहोस् । आमेन ।

## आजको लागि बाईबल खण्डः

रोमी २:१-४ यसकारण अर्कालाई दोष लाउने ए मानिस, तिमी जोसुकै भए तापनि, केही बहाना छैन, किनकि जेमा तिमी अर्कालाई दोष लगाउँछौं, त्यसैमा आफै पनि दोषी ठहरिनेछौं, किनभने तिमी दोष लगाउनेले पनि त्यही काम गर्छौं । यस्ता काम गर्नेहरुमाथि परमेश्वरको इन्साफ ठीकसँग पर्छ भनेर हामी जान्दछौं । ए मानिस, तिमीले यस्ता काम गर्नेहरुलाई दोष लाउँछौं, र आफै पनि त्यही काम गर्छौं भने, के परमेश्वरको इन्साफबाट उम्कन्छु भन्ने तिमी ठान्छौं ? अथवा परमेश्वरको कृपाले तिमीहरुलाई पश्चात्तापमा डोऱ्याउँछ भन्ने थाहा नपाएर, के तिमी उहाँको दयाँ, सहनशीलता र धैर्यको प्रशस्ततालाई तुच्छ ठान्छौं ?

# भविष्यले सत्यता बताउनेछ

बाईबलले परमेश्वरको राज्यको बारेमा र हाम्रो भविष्यको बारेमा त्यहाँ धेरै दाबीहरु गरेका छन् । केही दाबीहरु अतिनै सत्य देखिन्छ । दाबी जस्तै, "यदि तिमी ममा रह्यौं भने र मेरो इच्छा तिमीमा रह्यौं भने, तिमी जे माग्छौं त्यो दिईनेछ ।" परमेश्वरको प्रतिज्ञाहरु जति सुकै महान् भएतापनि, ती सबै एकउै माध्यमाबाट आउँछ... त्यो हो हाम्रो विश्वास । एक दिन हामी सबै परमेश्वरको अघि उभिने छौं र हाम्रो आँखा उहाँको वचन सत्य रहेछ भनी थाहा गर्नका लागि खुल्ला गरिनेछ र यदि हामीले उहाँलाई विश्वास मात्र गरेको भए अनि विश्वाससित कार्य गरेको भए, हामीसित सधैं उहाँको वचनमा प्रतिज्ञा गरिएका कुराहरु पाउन सक्दथ्यौं भनी देख्नेछौं । भविष्यले सत्यता बताउनेछ, तैपनि, त्यो सत्यता आजै तपाईले विश्वासद्धारा महशुस गर्न सक्नुहुन्छ । परमेश्वरको वचनमा विश्वास गर्नुहोस् । यसलाई विश्वास गर्ने अन्तिम व्यक्ति तपाई नबन्नुहोस् ।

## आजको लागि प्रार्थनाः

परमेश्वर, मेरो जीवनको सबै कुराहरुका लागि तपाईको वचनको मात्र पूर्ण र अन्तिम अधिकार भएकोले तपाईको वचनमा विश्वास गर्नका लागि म रोज्दछु । म घोषणा गर्दछु कि तपाईको वचन सत्य छ र मेरो जीवन विश्वासद्धारा म जिउँदछु ।

## आजको लागि बाईबल खण्डः

यूहन्ना १५:७ तिमीहरु ममा रहचौं भने, र मेरा कुरा तिमीहरुमा रहे भने, तिमीहरुलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरुका निम्ति गरिनेछ ।

यूहन्ना १४:१२, १३ साँच्चै, म तिमीहरुलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु । तिमीहरुले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु ।

मर्कूस ११:२२-२४ येशूले तिनीहरुलाई जवाफ दिएर भन्नुभयो, "परमेश्वरमा विश्वास राख । साँच्चै म तिमीहरुलाई भन्दछु, यदि कसैले आफ्नो हृदयमा शङ्का गर्दैन तर आफूले भनेका कुरा पूरा हुन्छ भनी विश्वास गरेर यस पहाड़लाई "उखलिएर तँ समुश्रमा खस्" भन्यो भने, त्यसको निम्ति त्यस्तै हुनेछ । यसकारण म तिमीहरुलाई भन्दछु, तिमीहरुले प्रार्थनामा जेसुकै माग्छौं सो पाएका छौं भन्ने विश्वास राख, र त्यो तिमीहरुको हुनेछ ।

# साँचो प्रेम तिनीहरुको हो जसले तिनीहरुको भविष्यको लागि तिनीहरुको हृदय जोखिमा पार्नकालागि इच्छुक हुन्छन्

परमेश्वरले तपाईलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले तपाईले पुनः उहाँलाई प्रेम गरेको मौका किन्नका लागि उहाँले आफ्नो एक मात्र पुत्रलाई दिनुभयो । परमेश्वरले उहाँलाई बढी भएको छोरो दिनुभएन तर बरु उहाँको एक्लौटी छोरो दिनुभयो र बाईबलले हामीलाई बताउँदछ कि हामी पापी छदैं खीष्ट येशू पापीको लागि मर्नुभयो । कसैले यसलाई ध्यान दिनेछ, यसको प्रशंसा गर्नेछ र परमेश्वरको परिवारको एउटा अङ्ग हुनकालागि  दिईएको मौकालाई स्वीकार गर्ने भनी निश्चिताका साथ यी सबै कुरा गरिएको होईन । यो वास्तवमा नै साँचो प्रेम हो ।

उहाँको प्रेम परमेश्वरले हामीमा यसरी प्रर्दशन गर्नुभयो कि उहाँले आफ्नो हृदयलाई तपाईको भविष्यको आशाको लागि जोखिमा पार्नुभयो । परमेश्वरको हृदयलाई नतोड्नुहोस् । उहाँलाई प्रेम गर्नुहोस् किनभने उहाँले पहिले तपाईलाई प्रेम गर्नुभयो र परमेश्वर जस्तै तपाई हुनकालागि डर नमान्नुहोस् । साँचो प्रेममा अरुले तपाईको प्रेमको प्रत्तिउत्तर दिनु अघि नै तिनीहरुको लागि तपाईको हृदयलाई जोखिममा पार्नु आवश्यक छ ।

## आजको लागि प्रार्थनाः

प्रभु, तपाईले मलाई प्रेम गरी मेरो पापबाट बचाउन र मलाई स्वतन्त्रता दिन लागि तपाईको छोरो दिनुभएको लागि, म तपाईलाई धन्यवाद दिदँछु । म तपाईलाई प्रेम गर्दछु र बाँकी अनन्तताको लागि म तपाईको नजिकमा हुन चाहान्छु र मैले गर्ने सबै कुरामा बढी भन्दा बढी तपाई जस्तै हुन चाहान्छु । तपाईको आत्माको साँचो प्रेमले अरुहरुलाई प्रेम गर्नका लागि मलाई अनुग्रह गरीदिनुहोस् ।

## आजको लागि बाईबल खण्डः

१ यूहन्ना ४:७,८ प्रिय हो, हामी एउटाले अर्कालाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाट आउँछ । जसले प्रेम गर्छ त्यो परमेश्वरबाट    जन्मेको हो, र परमेश्वरलाई चिन्छ । प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ ।

रोमी ५:८ तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै खीष्ट हाम्रा निम्ति मर्नुभयो ।

१ यूहन्ना ४:१९ हामी प्रेम गर्दछौं, किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो ।

# जब तपाईको विगत अति ठूलो बन्दछ, त्यसले तपाईको भोलीका दिनहरुलाई नै छायाँमा पारिदिन्छ, तब तपाईको भविष्यलाई तपाईको विगतले धमिल्याउँछ

तपाईको जीवनकालमा तपाईले लिनुभएको निरन्तरको छनौटहरुले तपाईको जीवन भविष्यमा कसरी अगाडि बढ्नका लागि तपाई चाहानुहुन्छ भन्ने कुराको लागि एउटा आशाको रुपमा यसले काम गर्दछ । हाम्रो विचार, बोली र कामद्धाराको हामी जीवन शैलीले अरुहरुलाई हामी को हौं र हाम्रो भविष्य कस्तो हुनेछ भनी तिनीहरुलाई देखाईदिने काम गर्दछ । त्यसकारण, हाम्रो जीवन शैलीको हामीले जाँच गर्नुपर्दछ र पटक पटक त्यही गलतीहरु दोहोराउने कामलाई निरन्तरता दिनु हुँदैन । जब हाम्रो लागि नकारात्मक कुरा सुन्नमा आउँछ र हामीले नचाहेको छवी हाम्रो हुँदछ भने हामी सावधान हुनुपर्दछ । अरु व्यक्तिहरुले तपाईलाई चिन्दछन्, तपाई को हो भनी थाहा छ, र अहिले सम्मको तपाईको जीवनको परिस्थितीहरुको आधारमा तपाईबाट तिनीहरुले तपाईबाट अपेक्षा राख्दछन् । जब तपाईको विगत अति ठूलो बन्दछ, त्यसले तपाईको भोलीका दिनहरुलाई नै छायाँमा पारिदिन्छ, तब तपाईको भविष्यलाई तपाईको विगतले धमिल्याउँछ र कसैले पनि तपाई परिवर्तन हुनेछ भन्ने अपेक्षा राख्दैन...जसकारण उनीहरु चकित हुन्छन् ! तपाईको बारेमा अरुहरुले के सोच्दछन् भन्ने कुराले धेरै फरक पार्दछ भनी मैले भनेको कुरामा मलाई तपाई पत्याउनुहोस् । यो समस्या उनीहरुको मात्र होईन, छिट्टै तपाईको पनि हुन सक्दछ ।

## आजको लागि प्रार्थनाः

प्रिय प्रभु, म अल्छी, विश्वास गर्न नसकिने, कठोर, जटिल, स्वार्थी र क्रुर हुँ भनी चिनिन् चाहान्न । बरु, मेरो असल ख्याती मैले पाएको चाहान्छु ताकि मेरो जीवनमा अरुहरुले तपाईको प्रेम, तपाईको विश्वासयोग्यता र तपाईको अनुग्रहलाई देख्न सकूनँ । आफैलाई जाँच्न मलाई सहायता गर्नुहोस् र आवश्यक परेको क्षेत्रमा परिवर्तन गर्न मद्दत गर्नुहोस् ताकि अरुहरुले येशूलाई ममा स्वीकारुन् ।

## आजको लागि बाईबल खण्डः

हितोपदेश २२:१ धेरै धन-सम्पत्तिभन्दा असल नाउँ रोज्नु वाञ्छनीय हुन्छ, सम्मानित हुनु चाँदी वा सुनभन्दा उत्तम हो ।

१ कोरिन्थी ११:३१ तर हामी साँच्चै आफैले आफैलाई जाँचेका छौं भने हामी न्यायमा पर्नेछैनौं ।

## सदस्याताले महत्व राख्दछ : जुन समूहमा तपाई सामेल हुनुहुन्छ त्यसले तपाईको निर्धारित भविष्यलाई असर पार्दछ

समूहहरुले सधैं नयाँ सदस्यहरुको खोजी गरिरहेको हुन्छ र नयाँ अगुवाहरुलाई पनि अँगालिराखेको हुन्छ । विगतमा, मैले अति नै राम्रा र अति अर्थ पूर्ण मानिसहरुलाई याद राखेको छु जोहरुसित सदस्यतालाई फरक बनाउने एक इच्छाले भरिएका थिए अथवा त्यस्तो फरक किसिमको अगुवाको भूमिका निभाउने जसलाई पहिला त समूहको लक्ष्य के हो त्यही थाहा छैन । यी समूहहरु मण्डलीहरुमा छन्, काम गर्ने ठाँउहरुमा छन्, अरु समुदायहरुमा पनि छन् । कही समूहरुको उत्पादनशील लक्ष्यहरु छन् र अरुहरुको भने त्यसको विपरित । मोशाको दिनमा पनि त्यस्तै थियो जब उनले इस्राएलीहरुलाई उजाड़स्थानबाट भएर प्रतिज्ञाको भूमिमा अगुवाई गरे । बाटामा, मोशाले चार फरक समूहरुको सामना गर्नु पऱ्यो जुन आज सम्म पनि इच्छा गरिएको सदस्यता हुन् । त्यहाँ “आओ जाऔं” (योहोशू र कालेब) भन्ने समूह छ, “आओ हामी नै लिऔं” (कोराह, दातान र अविराम) भन्ने समूह छ, “म त्यहाँ पुगेको छु”(दश अन्य जासुसहरु) भन्ने समूह छ र “समाप्त भईसक्यो”(उजाड़स्थानको यात्रामा नै मरेको इस्राएलीको पुस्ता) भन्ने समूह छ । कुनै एउटा समूहमा तपाई सामेल हुनु पूर्व वा तिनीहरुको विचारलाई प्रचार गर्नु पूर्व, त्यो समूह एउटा आधिकारीक अगुवाको अधिनमा छ र सबै लक्ष्यहरु त्यस अगुवाहरुबाट आएका हुन् भनी निश्चित हुनुहोस् ।

### आजको लागि प्रार्थनाः

प्रिय परमेश्वर, कहिले पनि असहमति नदेखाउनका लागि मलाई सहायता गर्नुहोस् वा विभाजक हुनबाट जोगाउनुहोस् अथवा आधिकारिक अगुवाहरुको विरुद्धमा विश्रोही पूर्ण व्यवहारको एक भाग हुन वा तिनीहरुसित सहमत हुनबाट मलाई जोगाउनुहोस् साथै, तपाईले मेरो मण्डली, काम र समुदायमा राखिदिनुभएको साधारण आज्ञाको विरुद्ध जानबाट मलाई जोगाउनुहोस् । म सहभागीताको फाईदा उठाउन चाहानेहरुको गोप्य विषयहरु र कुनै पनिसाँचो उद्देश्यहरुलाई थाहा गर्न मलाई अनुग्रह गरिदिनुहोस् । म अरु तपाई जस्तै हुन चाहान्छु ।

### आजको लागि बाईबल खण्डः

गन्ती १४:२८-३० तिनीहरुलाई भनिदेओ, “जस्तो म जीवित छु, परमप्रभु घोषणा गर्नुहुन्छ, मैले सुन्ने गरी तिमीहरुले जे-जे भनेका थियौ, म त्यही नै गर्नेछु । तिमीहरुमन लाश यही उजाड़-स्थानमा छोड़िनेछन्, अनि यपुन्नेका छोरा कालेब र नूनका छोरा यहोशूबाहेक गणना भएको र मेरो विरुद्धमा गनगनाउने बीस वर्षदेखि उँभोको कोही पनि वासको निम्ति दिन्छु भनी शपथ खाएर प्रतिज्ञा गरेको देशमा जान पाउनेछैन ।”

## मानिसलाई खुशी पार्नका लागि परमेश्वरको कदमलाई वेवास्ता गर्ने जोखिम नउठाउनुहोस्

सत्यता विरलै मात्र हातले देखाँउदैमा निश्चित हुन्छ र जब हामी सबैलाई खुशी पार्न खोज्दछौं प्राय हामीले अन्ततः कसैलाई पनि पार्न सक्दैनौं । यस कारणले गर्दा परमेश्वरको वचनमा प्रमुख महत्वको पदहरुको ईश्वररिय नियुक्तीहरुको पद्दति दिईएको छ । परमेश्वर नै हुनुहुन्छ जसले कसै-लाई अगुवामा नियुक्त गर्नुहुन्छ र अर्कोलाई खसाल्नुहुन्छ । वास्तवमा, रोमीको पुस्तक १३ अध्यायमा प्रेरित पावल भन्दछन् परमेश्वरबाट नियुक्त अधिकार भन्दा अर्को त्यहाँ कुनै अधिकार छैन । यदि परमेश्वरले एक मानिसबाट अर्को मानिसमा त्यसो बोल्नका लागि रोज्नुभएको छ भने, तब कसरी हामीले परमेश्वरले उहाँका अगुवाहरुलाई दिनुभएको निर्देशनसित असहमत भई जोखिम उठाउने । तैपनि, धेरै मानिसहरुले परमेश्वरको निर्देशनलाई मानिसहरुलाई खुशी पार्नका लागि पानी तुल्य बनाउँछन् र हरेक एक भिन्न हुन् भन्ने अनुभूति गराउँछन् । मानिसलाई खुशी पार्नका लागि परमेश्वरको कदमलाई वेवास्ता गर्ने जोखिम नउठाउनुहोस् । सहासी बन्नुहोस्, बलियो हुनुहोस्, दयालु हुनुहोस् तर जब परमेश्वरले बोल्नुहुन्छ, मानिसहरुलाई खुशी पार्नका लागि त्यससित सम्झौता नगरी त्यसको सामना गर्न सहासी हुनुहोस् ।

आजको लागि प्रार्थनाः

पिता, मलाई तपाईको वचन विरुद्ध सम्झौता नगरी दृढ़ बनिरहन सहास र शक्ति दिनुहोस् वा मलाई वा अरुहरुलाई खुशी पर्नका लागि मेरा अगुवाहरुले तपाईको वचनसितको सम्झौताको विरुद्ध दृढ़ हुनका लागि पनि शक्ति र सहास दिनुहोस् । मलाई दयालु हुनका लागि सहायता गर्नुहोस् तर तपाईको इच्छा पुरा गर्नका लागि पूर्ण समर्पित हुनका लागि पनि सहायता गर्नुहोस् ।

आजको लागि प्रार्थनाः

गलाती १:१० के म मानिसहरुको निगाह खोज्दैछु, कि परमेश्वरको ? अथवा के मैले मानिसहरुलाई खुशी पार्न खोज्दैछु ? यदि मैले अझैं मानिसहरुलाई खुशी पार्न कोशिस गरेको भए म ख्रीष्टको दास हुनेथिइनँ ।

गलाती १:१५, १६ तर, मेरो जन्म हुन अघि नै मलाई अलग गर्नुहुने, र आफ्नो अनुग्रहद्धारा मलाई बोलाउनुहुने परमेश्वरलाई, जब अन्यजातिहरुका बीचमा उहाँको प्रचार गर्नलाई आफ्ना पुत्र ममा प्रकट गराउन उहाँलाई खुशी लाग्यो, तब मैले कुनै मानिससँग केही सल्लाह लिइनँ ।

प्रेरित १३:२२ उहाँले तिनलाई हटाउनुभएपछि दाऊदलाई तिनीहरुका राजा हुन खड़ा गर्नुभयो । उनको विषयमा परमेश्वरले गवाही दिएर भन्नुभयो, “मैले यिशैको छोरो दाऊदलाई मेरो हृदयअनुसारको मान्छे पाएँ, जसले मेरो सबै इच्छा पूरा गर्नेछ ।”

## "यो अध्याँरो होईन", यसले काम गर्दैन

परमेश्वरको बारेमा हामीलाई सिकाउन चाहेको उहाँको पहिलो पाठ उत्पत्ति १ अध्यायमा छ । उहाँ भन्नुहुन्छ कि उहाँले स्वर्गहरु र पृथ्वी सृष्टि गर्नुभयो र केही हदमा, उहाँले देख्नुभयो कि उहाँले जे सृष्टि गर्नुभएको थियो त्यो स्वीकार्य थिएन । पृथ्वी आकार विनाको थियो, शून्य थियो र अथाह समुश्र माथि अन्धकार थियो । उहाँसित जे थियो त्यसलाई उहाँले चाहानुभएको जस्तो बनाउन,उहाँ पहिला त उहाँको कामको अवधिलाई विचार गर्नुभयो, त्यसपछि उहाँले भन्नुभयो, "त्यहाँ उज्यालो होस्", र तब उज्यालो भयो । परमेश्वरले हामीलाई जब हामी सित योजना छ र विशवाससित बोल्दछौं भन्ने त्यहाँ सकारात्मक रुपमा गरिएको घोषणामा शक्ति छ भनी हामीलाई सिकाउन चाहानुहुन्छ । ध्यान दिनुहोस् कि समयस्याहरुको अस्तिस्त छन् भन्ने कुरालाई उहाँले इन्कार गर्नुभएन, न त त्यसको बारेमा उहाँले केही गुनासो गर्नुभयो न त कोश्नु नै भयो । "यो अध्याँरो होइन !", यसले काम गर्दैन होला ।

यदि तपाईले तपाईको जीवनमा तपाईलाई स्वीकार योग्य नभएको कुनै कुराको सामना गर्नु पऱ्यो भने, त्यसको अस्तित्वलाई इन्कार नगर्नुहोस्, तर बरु सकारात्मक कदमहरु चालेर त्यसको निरन्तरलाई इन्कार गर्नुहोस् । परमेश्वर जस्तै हुनुहोस् : योजना बनाउनुहोस् र तपाईको विश्वासको आँखाबाट तपाई के चाहानुहुन्छ त्यसको बारेमा बोल्न शुरु गर्नुहोस् र पछिबाट त्यसै हुनेछ ।

<u>आजको लागि प्रार्थनाः</u>

स्वर्गिय पिता, मलाई तपाईको मार्ग सिकाउनुहोस् र तपाईको इच्छा अनुसार मेरो जीवनको योजना बनाउनका लागि मलाई बुद्धि दिनुहोस् ताकि मेरो हृदयमा भएको सपनाद्धारा मेरो भविष्यको बारेमा म भविष्यबाणी गर्न सकूँ ।

<u>आजको लागि बाईबल खण्डः</u>

मर्कूस ११:२२-२४ येशूले तिनीहरुलाई जवाफ दिएर भन्नुभयो, "परमेश्वरमा विश्वास राख । साँच्चै म तिमीहरुलाई भन्दछु यदि कसैले आफ्नो हृदयमा शङ्का गर्दैन तर आफूले भनेका कुरा पुरा हुन्छ भनी विश्वास गरेर यस पहाड़लाई "उखेलिएर तँ समुश्रमा खस्" भन्यो भने, त्यसको निम्ति त्यस्तै हुनेछ । यसकारण म तिमीहरुलाई भन्दछु, तिमीहरुले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौं भन्ने विश्वास राख, र त्यो तिमीहरुको हुनेछ ।

हितोपदेश १८:२०-२१ आफ्नो मुखको फलले मानिसको पेट भरिएको हुन्छ, त्यसका ओठद्धारा हुने फसलले त्यो सन्तुष्ट हुन्छ । जीवन र मृत्युको शक्ति जिब्रोमा हुन्छ, त्यसलाई प्रेम गर्नेहरुले त्यसका फल खानुपर्छ ।

हिब्रु ६:१२ यस उद्देश्यले कि तिमीहरु सुस्त हुनेछैनौ, तर तिनीहरुका अनुकरण गर्नेछौ, जुनहरु विश्वास र धैर्यद्धारा प्रतिज्ञाका हकदार हुन्छन् ।

# कठोर हृदयले चोट लागेको स्थानमा मलम लगाई निको हुनका लागि अनुमति दिदैन

जब मानिसलाई चोट पर्छ, कहिलेकाही तिनीहरु कठोर हुन्छन् र त्यो चोटले तिनीहरुको हृदय कठोर बनाईदिन्छ र त्यो अभेदनिय हुन्छ । यदि यी चोट लागेको स्थानलाई मलम नलगाई त्यति कै छोडियो भने, त्यो राम्रोसित निको हुँदैन र पहिलेको भन्दा अझ बढी दुखाउने घाउँ अन्तमा हुन्छ । तैपनि, हरेक चोट पाएको व्यक्तिको लागि परमेश्वरको निको बनाउने वचन उसको लागि छ । उहाँको वचन निको पार्ने मलम हो र तब मात्र घाउँ निको हुन्छ जब त्यो चोट लागेको स्थानसम्म पुग्दछ ।

तपाईले मात्र तपाईको हृदयको कठोरतालाई तोड्न सक्नुहुन्छ यदि तपाईले परमेश्वरको निको तुल्याउने वचनले त्यस चोट परेको स्थानमा पुग्न दिनुभयो भने । परमेश्वरले सायद उहाँको दासलाई एउटा वचन खण्ड दिएको पठाउनुभएको होला वा एउटा गीत, तपाई आवश्यता अनुरुप जसले तपाईलाई निको तुल्याउँछ । तपाईको हृदयको कठोरताले निको तुल्याउने वचनलाई तपाईको चोट लागेको स्थान सम्म पुग्न नरोकोस् ।

आजको लागि प्रार्थना:

प्रिय परमेश्वर, आजै म तपाईको वचनका लागि मेरो हृदयलाई खुल्ला पार्दछु यहाँ सम्म कि मेरो चोट ग्रस्त स्थानहरुका लागि पनि । मेरो जीवनको लागि तपाईबाटको उत्तम कुराहरुलाई नगुमान म आफैलाई अबप्रान्त जोगाउनेछैन । मेरो चोट लागेको स्थानहरुमा तपाईको निको पार्ने वचन पुगोस् र फेरी मेरो जीवनलाई नयाँ बनाउनुहोस् ।

आजको लागि बाईबल खण्ड:

मर्कूस १६:१४ पछिबाट उहाँ एघार चेलाहरुकहाँ तिनीहरु भोजनमा बसेको बेला देखा पर्नुभयो । अनि तिनीहरुको अविश्वास र हृदयका कठोरताको लागि उहाँले तिनीहरुलाई हप्काउनुभयो । किनभने उहाँ मृतकबाट जीवित भई उठ्नुभएपछि उहाँलाई देख्नेहरुका कुरा तिनीहरु-ले विश्वास गरेका थिएनन् ।

होशे १०:१२ आफ्ना निम्ति धार्मिकताका बीउ रोप, र अचूक प्रेमको कटनी गर । तिमीहरुका बाँझो बारी जोत । किनकि परप्रभुलाई खोज्ने समय अहिले हो, जबसम्म उहाँ आएर तिमीहरुमाथि धार्मिकताको वृष्टि खन्याउनुहुन्छ ।

## नजाँचिएको र विना चुनौतीको कुरा प्राय परिवर्तनिय हुन्छ : जाँच्नुहोस्, चूनौति लिनुहोस्, परिवर्तन हुनुहोस् !

हामीले परिवर्तन हुने पर्ने ठाउँमा हामी निरन्तर परिवर्तन हुने उत्तम तरिका भनेको हामी आफैंलाई चुनौती दिई हाम्रो विचारहरुलाई बदल्ने लक्ष्यहरु राख्नु हो अथवा परमेश्वरको वचनसितको संगतमा हाम्रो जीवन र व्यवहारलाई ल्याउनुका लागि लक्ष्यहरु राख्नु हो । तैपनि, धेरै पटक हामीले आफैलाई परिवर्तन हुनका लागि चुनौंति दिँदैनौं किनभने हामीलाई हामी कहाँ परिवर्तन हुनुपर्छ भन्ने त्यो क्षेत्रहरुसित सजिलै परिचित हुँदैनौं । यसकारण, बाईबलले हामी आफैंलाई जाँच्नका लागि भन्दछ र विश्वासद्धारा जिउछौं कि जिउदैनौं भनी आफैंलाई हेर्नका लागि भन्दछ । यदि हामी आफैलाई जाँच्छौ भने र ठीकसित आफैलाई उभ्याउछौं भने, बाईबलले हामीलाई भन्दछ कि हामी अरु कुनै पनि न्यायमा पर्दैनौं । प्रायः छिट्टै, नजाँचिएको जीवन बिना चुनौतीको रहन्छ र त्यसकारण त्यो परिवर्तन हुँदैन । आफैलाई जाँच्नुहोस्... आफैलाई चुनौंती दिनुहोस्... र परमेश्वरको इच्छा र वचन अनुसार जिउनका लागि आफैलाई परिवर्तन गर्नुहोस् ।

### आजको लागि प्रार्थनाः

प्रिय प्रभु, मसित बोल्नुहोस् र म कहाँनिर परिवर्तन हुनपर्छ त्यो मलाई देखाईदिनुहोस् । जीवनको असल बानीहरु विकास गर्नका लागि म आफैलाई ती क्षेत्रहरुमा चुनौती दिनेछु र अरु तपाई जस्तै हुनेछु ।

### आजको लागि बाईबल खण्डः

२ कोरिन्थी १३:५ तिमीहरु विश्वासमा दह्लिा छौं कि छैनौं भनी आफैले आफैलाई जाँचेर हेर । आफैलाई जाँच । जाँचमा असफल भएनौ भने येशू ख्रीष्ट तिमीहरुमा हुनुहुन्छ भन्ने तिमीहरुलाई थाहा हुनुपर्ने हो ।

१ कोरिन्थी ११:३१ तर हामी साँच्चै आफैले आफैलाई जाँचेका छौं भने हामी न्यायमा पर्नेछैनौं ।

२ कोरिन्थी ३:१८ हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लदै उहाँको रुपमा बद्लिँदैजान्छौं । परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ ।

# सत्यता सत्य नै रहिरनका लागि पिडादायक हुन इच्छुक छ

जब साँचो बोल्दा साथीलाई अघात पुग्दछ हामी सबै झुठ बोल्नका लागि लोभिन्छौं । तर हामीले सत्यतालाई कम आक्रमक बनाउनका लागि एकदमै थोरै परिवर्तन गर्नुभयो, तब अब त्यो सत्य रहिरहदैन । "सही" नाप बिनाको घर निमार्णको कल्पना गर्नुहोस् । यदि तपाईले एक ईन्च यहाँनिर छोड्नु भयो र त्यहाँतिर एक मिटर छोडिदिनुभयो भने, त्यसको अन्तिम परिणाम कस्तो नोक्सानीको हुन्छ ।

समय समयमा सत्यलाई स्वीकार्न कठिन हुन सक्छ र अरु कोहीलाई भन्दा येशूलाई अझ राम्ररी यो कुरा थाहा छ । र पनि, उहाँले आफ्नो सबै भन्दा नजिकको साथीलाई उहाँलाई पछ्याउनका लागि तिनीहरुको आफ्नो स्वार्थी इच्छाहरु दिनुपर्छ भनी भन्नुभयो । यो एउटा सबैलाई मन पर्ने सन्देश नभएता पनि, एउटा शक्तिशाली सन्देश भने थियो । एउटा व्यक्तिको जीवन सुनिश्चित पर्न सत्यतसित मात्र आवश्यक शक्ति छ । त्यो भन्दा अरु सबै कुरा व्यर्थ हो । तपाई सत्यताद्धारा शुद्ध हुन सक्नुहुन्छ... परमेश्वरको वचन सत्य हो ।

## आजको लागि प्रार्थनाः

प्रभु, सत्यताले मलाई चोट पुर्‍याएको बेलामा पनि, परिवर्तन हुनका लागि, र तपाईलाई सुन्नका लागि मलाई सहायता गर्नुहोस् । साथै, प्रभु, अरुहरुसित उत्तरदायीपूर्ण इमान्दार हुनका लागि मलाई अनुग्रह गरिदिनुहोस् ताकि तिनीहरु पनि सत्यताबाट लाभांवित हुन सकूनँ ।

## आजको लागि बाईबल खण्डः

यूहन्ना १७:१७ तिनीहरुलाई सत्यतामा पवित्र पारिदिनुहोस्, तपाईको वचन सत्य हो ।

मर्कूस ८:३४ तब उहाँले आफ्ना चेलाहरुका साथमा भीड़लाई आफूकहाँ बोलाएर तिनीहरुलाई भन्नुभयो, "कोही मानिस मपछि लाग्ने इच्छा गर्दछ भने त्यसले आफूलाई इन्कार गरोस्, र आफ्नो क्रुस उठाएर मेरो पछि लागोस् ।

यूहन्ना ८:३२ यसरी उहाँले यो कुरा प्रष्टै भन्नुभयो । तर यो सुनेर पत्रुसले उहाँलाई एकातिर लगेर हकार्न लागे ।

## पूरानो करारमा, जब परमेश्वरले काम गर्न चाहानुभयो, एउटा बालकको जन्मभयो । नयाँ करारमा, जब परमेश्वरले काम गर्न चाहानुभयो, एउटा मण्डलीको जन्मभयो

पुरानो करार भरिनै, परमेश्वरको इच्छा र काम मुख्य गरी ठीक त्यही समयमा जन्मेका व्यक्तिहरु र उद्देश्यका लागि बोलाईएका व्यक्तिहरुद्धारा पुरा गर्नुभयो । परमेश्वरका यी पुरुष र स्त्रीहरुले हराएकाहरुका लागि र चोट लागेका मानिसहरुका लागि परमेश्वरबाटको आवाजको प्रतिनिधित्व गरे जोहरु आफैले परमेश्वरको आवाजलाई सुन्न सकेका थिएनन् । त्यसकारण, हरेका पल्ट जब काम गर्न आवश्यक पर्यो, एउटा बालकको जन्मभयो । मोशा, शिमशोन, एस्तर र येशू यसको उदाहरण हुन् ।

पूरानो करारले एउटा उद्देश्य भएका...परमेश्वरको सृष्टिलाई अदनको बगैंचाबाट खीष्टसम्म पुऱ्याउने सयौं पुस्ताहरुको लगभग ४००० बर्ष भरिको इतिहासलाई बताउँदछ । नयाँ करारले यसको सेवकाईको समय अवधिमा एउटा मात्र पुस्ताको बारेमा बताउँदछ । यसको उद्देश्य हरेक पुस्तामा येशू खीष्टको सुसमाचारद्धारा तिनीहरुको संसारमा पुग्नका लागि विश्वासीहरुलाई तयार गर्नु हो । यो मण्डलीको सेवकाईबाट पुरा गरिन्छ । पुरानो करारमा, जब परमेश्वरले काम गर्न चाहानुभयो, एउटा बालकको जन्मभयो । नयाँ करारमा, जब परमेश्वरले काम गर्न चाहानुभयो, एउटा मण्डलीको जन्मभयो ।

### आजको लागि प्रार्थनाः

पिता म तपाईको मण्डली र तपाईको राज्यको काममा मेरो स्थानको लागि प्रार्थना गर्दछु । तपाईले इच्छा गर्नुभएको अनुसार विश्वासीहरुद्धारा बनेको तपाईको शरीरमा मलाई राख्नुहोस् र यस पुस्तामा तपाई काम गर्नका लागि अरुहरुसित मलाई त्यहाँ जोड्नुहोस् । आमेन ।

### आजको लागि बाईबल खण्डः

एफिसी ४:११-१६ अनि वरदानहरु चाहिँ यी नै थिए, कि कोही प्रेरितहरु, कोही अगमवक्ताहरु, कोही प्रचारकहरु, कोही मण्डलीका पास्टर-हरु र कोही शिक्षकहरु बनून्, कि खीष्टको शरीर निमार्ण होस् र सेवाको काम गर्न सन्तहरु सुसज्जित होऊन्, जबसम्म हामी सबैले विश्वासको र परमेश्वको पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस बनी खीष्टका पूर्णताको नापसम्म पुग्दैनौं । यसरी हामी छालले अगि-पछि हुत्याइएका, धार्मिक-सिद्धान्तको प्रत्येक बतासले र मानिसहरु जालझेल, धूर्तता र फट्चाईले यताउता उड़ाइएका बालकहरुजस्ता नहोऔं । बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् खीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ । उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्धारा जोड़िएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछ ।

# कुनै पनि निर्णय नलिनु भनेको केही पनि नगर्ने निर्णय लिनु हो

कहिले काही जीवनमा हामीले सोच्दै नसोचेको समस्याहरुको सामना गर्नुपर्छ । जीवनको यो क्षणमा, हामी केही नगर्ने निर्णय लिदँछौं, पछि गर्छु भनी सोच्छौं ताकि समस्या आफै समाधन होस् वा टरेर जाओस् । त्यो विरलै मात्र वास्तविक रुपमा हुन्छ । खराब कुराहरु आफैमा प्राय असल हुन सक्दैन तर बरु अरु गंभिर हुँदै जान्छ । परमेश्वरले प्राय गरी हामी त्यो समाधनको लागि स्रंघर्ष गरेको चाहानुहुन्छ । जेहोस्, त्यहाँ असल खबर छ !

परमेश्वर हाम्रो विरुद्धमा नभई, हामीसित र हाम्रो पक्षमा हुनुहुन्छ भन्ने विश्वाससित हरेक पहाड़को समाना हामी गर्न सक्दछौं । हामीले सामना गर्ने सबै समस्याहरुको उहाँसित उत्तर छ र तब मात्र उहाँले त्यो हामीसित गर्नुहुन्छ जब हामी हाम्रो शत्रुको विरुद्धमा संघर्षमा उत्रन्छौं । कहिले-काही हामीले सामना गर्नु पर्ने अति गंभिर समस्याहरु भनेको त्यो हुन्छ जुनका गर्नका लागि हामी निर्णय लिन बाध्य हुन्छौं, र तपाई मात्र एक जना हुनुहुन्छ जसले केही गर्नका लागि केही पनि गर्न सक्नुहुन्छ ।

## आजको लागि प्रार्थना:

पिता, आजै मलाई मैले सामना गर्नु पर्ने प्रत्येक परिस्थितीहरुलाई विश्वास र प्रार्थनाका साथ तपाईसित समस्याको उत्तर छ र तपाईले मलाई सफलतातिर डोऱ्याउनुहुन्छ भनी लागिरहन सहायता गर्नुहोस् । मेरो डर म तपाईलाई दिन्छु ।

## आजको लागि बाईबल खण्ड:

हितोपदेश १:५ बुद्धिमान्‌ले सुनून् र तिनीहरुको ज्ञान बढ़ोस्, र विवेकशील व्यक्तिलाई अगुवाइ मिलोस् ।

१ राजा १८:२१ एलियाले मानिसहरुका अगि आएर भने, “तिमीहरु कहिलेसम्म दोधारमा बसिरहन्छौं ? यदि परप्रभु नै परमेश्वर हुनुहुन्छ भने उहाँलाई पछ्याओ । तर यदि बाल परमेश्वर हो भने त्यसलाई पछ्याओ । ”

योहोशू २४:१५ तर यदि परमप्रभुको सेवा गर्न तिमीहरुलाई मन पर्दैन भनेता तिमीहरुले कसको सेवा गर्ने आजै तिमीहरुले रोज कि तिम्रा पिता-पुर्खाहरुले युफ्रेटिस नदी पारि पुजेका देवताहरु कि तिमीहरु अहिले बसेका देशका एमोरीहरुका देवताहरु । तर म र मेरो घरानाले  परप्रभुकै सेवा गर्नेछौं ।

# यदि यो दृर्घकालिन हो भने यो शैतानबाटको हो

के तपाईलाई कहिल्यै त्यस्तो समस्या थियो जुन कहिल्यै हटेन, त्यो समस्या जसको लागि तपाई जेसुकै गरेता पनि, त्यसको उपचार सफल भएको देख्नुभएन ? २ कोरिन्थी १ अध्यायमा प्रेरित पावलले पनि त्यस प्रकारको समस्याको सामना गर्नुपऱ्यो । उनले यसलाई मेरो शरीरको काँढ़ा भनी भने, शैतानको दुत जुन मलाई सताउनका लागि पठाईयो भनी भने । अङ्ग्रेजीमा सताउनका लागि बफेट भनी लेखिएको छ जसको अर्थ हरेक पटक ढाल्नु भन्ने अर्थ लाग्छ, ताकि हरेक पल्ट जब प्रेरित पावलले विजय प्राप्त गरे भनि सोच्दथे, यो शत्रु फर्कन्थ्यो र उनलाई फेरि लडाउने काम गर्दथ्यो । यो यति सम्म बिज्यो कि परमेश्वरसित सहायता माग्न प्रेरित पावलले प्रार्थना गर्नुपऱ्यो । परमेश्वरले दिनुभएको उत्तरले आज पनि हामीलाई लगातार आशा दिँदछ । परमेश्वरले प्रेरित पावललाई मेरो अनुग्रह तेरो लागि पर्याप्त छ भनी भन्नुभयो । यदि तपाई समस्यामा हुनुहुन्छ भने जुन हट्दै-हट्दैन, यसको जरा शैतानसित हुन सक्दछ, ताकि तपाई वाक्क भई आशा मारी त्यतिकै छोडन् भएको होस् भनी तपाई निराश बनाउनका लागि पठाईएको एउटा शैतानको दुत । पराजित नहुनुहोस् ! परमेश्वरसित पुकारा गर्नुहोस् र तपाईको लागि पनि परमेश्वरको अनुग्रह पर्याप्त भएको तपाईले पाउनुहुनेछ ।

## आजको लागि प्रार्थना:

प्रिय प्रभु, मलाई पराजित गर्ने हरेक परिक्षाहरु, दवाबहरु र समस्याहरु मेरो जीवनबाट तपाईले हटाईदिनुहोस् भनी म प्रार्थना गर्दछु । तैपनि, तपाईको इच्छा अनुसार केही समयका लागि तपाईले दिनुभएको समस्याहरुका लागि भने, मलाई त्यो सहनका लागि अनुग्रह गरी दिनुहोस् भनी प्रार्थना गर्दछु र येशूको नाउँमा मेरो कमजोरितामा तपाईबाटको बल पाउन सकूँ भनी प्रार्थना गर्दछु । आमेन ।

## आजको लागि बाईबल:

२ कोरिन्थी १२:७-१० तर प्रशस्त प्रकाशहरुको कारण घमण्डले म बढ्ता नफुलूँ भनेर मलाई सताउन र घमण्डबाट रोक्नलाई शैतानको दुत, अर्थात् एउटा काँढ़ो मेरो शरीरमा दिइयो । यो मबाट हटोस् भनेर मैले तीन पल्ट प्रभुसित बिन्ती गरे । तर मलाई उहाँले भन्नुभयो, “मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ । ” यसकारण खीष्टको शक्ति ममाथि वास गरोस् भनेर म बरु मेरो दुर्बलतामा बढ़ी खुशीसाथ गर्व गर्नेछु । यसकारण खीष्टको खातिर दुर्बलताहरुमा, बदनामीहरुमा, कठिनाइहरुमा, सतावटहरुमा, आपद्हरुमा म सन्तुष्ट रहन्छु । किनकि जब म दुर्बल छु, तब म शक्तिशाली छु ।

# मानिसको सबै भन्दा ठूलो यात्रा इच्छाबाट शुरु हुन्छ

तपाई के चाहानुहुन्छ ? तपाईको हृदयले के हो चाहाना गर्दछ ? धेरै मानिसहरु उनीहरुको इच्छा नभएको कुराहरुमा जिउदैछन्, काम गर्दैछन् र सेवा गर्दैछन् । केही व्यक्तिहरुलाई तिनीहरुको काम प्रति घृणा छ, तिनीहरुको प्रमुख सम्बन्धहरुसित असन्तुष्ट छन्, वा जीवनको कुराहरुमा असन्तुष्ट छन्, परमेश्वरले तिनीहरुको जीवनको लागि उहाँको इच्छा, उहाँको उद्देश्य र उहाँको योजना राखिदिन इच्छुक हुनुहुन्छ । परमेश्वरले कल्यै पनि तपाईले अरु भिन्न तरिकाले जिउनका लागि इच्छा गर्दै जिउनुभएको चाहानुहुन्न । उहाँसित एउटा योजना छ, उहाँसित एउटा उद्देश्य छ, र उहाँले तपाईको हृदयको कुरा दिनुहुन्छ । आजै उहाँलाई खोज्नुहोस् । उहाँ नजिक हुँदै उहाँको खोजी गर्नुहोस् । परमेश्वरमा आनन्दित हुनुहोस् र उहाँले तपाईले इच्छा गर्नुभएको कुरा दिनुहुनेछ अनि यदि राख्नुहोस् जीवनको सबै भन्दा ठूलो यात्रा इच्छाबाट शुरु हुन्छ ।

## आजको लागि प्रार्थनाः

पिता, मेरो मार्ग म तपाईलाई सुम्पन्छु । मेरो विचारलाई स्थापना हुनका लागि सहायता गर्नुहोस् र मेरो मन र हृदयमा मेरो जीवनको लागि तपाईको इच्छा हालिदिनुहोस् । जसै म तपाईमा प्रसन्न हुँदछु, मरो आशा पुरा गरिदिनुहोस् ताकि म जीवनमा र तपाईको सेवकाईमा खुशी रहन सकूँ ।

## आजको लागि बाईबल खण्डः

भजनसंग्रह ३७ः४ परमप्रभुमा आनन्दित होऊ, र उहाँले तिम्रो मनोरथ पूर्ण गर्नुहुनेछ ।

मर्कूस ८ः३४ तब उहाँले आफ्ना चेलाहरुका साथमा भीड़लाई आफूकहाँ बोलाएर तिनीहरुलाई भन्नुभयो, “कोही मानिस मपछि लाग्ने इच्छा गर्दछ भने त्यसले आफूलाई इन्कार गरोस्, र आफ्नो क्रुस उठाएर मेरो पछि लागोस् ।

हितोपदेश १३ः१२ आशा विलम्ब हुँदा मन मर्छ, तर इच्छा पुरा हुनु जीवनको रुख हो ।

१ पत्रुस २ः२ नयाँ जन्मेका बालकजस्तै शुद्ध आत्मिक दूधको तृष्णा तर, र त्यसबाट तिमीहरु आफ्नो मुक्तिमा बढ्दैजान सक्नेछौं ।

## परमेश्वर सुव्यवस्थित परमेश्वर हुनुहुन्छ... जीवनमा एउटा योजनाको आवश्यकता पर्दछ

जब परमेश्वरले स्वर्गहरु र पृथ्वी सृष्टि गर्नुभयो र पृथ्वीलाई वनस्पति र पशुहरुले भर्नुभयो, उहाँले एउटा व्यवस्थित क्रमबद्धता, जीवनको लागि, उहाँको सन्तानको लागि र आउने संसारको लागि एउटा योजनालाई पछ्याउदै हुनुहुन्थ्यो । परमेश्वर सुव्यवस्थित परमेश्वर हुनुहुन्छ । डिएनए अकास्मत भएको कुराको नजिता होइन; तर यो परमेश्वरले जीवनको लागि गर्नुभएको दैविक नियुक्ती हो । जीवनमा एउटा योजनाको आवशयकता पर्दछ, जन्मनको लागि, र पूर्ण उमेर सम्म जिउनको लागि पनि । के तपाईको जीवनको लागि तपाईसित योजना छ ? के तपाईको योजना परमेश्वरको योजना हो ?

बिना क्रमबद्धताको जीवन योजना बिनाको जीवन जस्तै व्यर्थको हुन्छ । आज, परमेश्वर तपाईको भविष्यको लागि एउटा दर्शन दिनका लागि इच्छुक हुनुहुन्छ र त्यो भविष्यतिर बढ्ने कदमहरुको एउटा अर्को कदम तपाईलाई देखाईदिन चाहानुहुन्छ । यदि तपाईले उहाँलाई पुकार्नुभयो भने, उहाँले तपाईलाई उत्तर दिनुहुनेछ र आउनेवाला महान् र ठूला कुराहरु तपाईलाई देखाईदिनु हुनेछ । तपाईको जीवनको लागि परमेश्वरको योजना थाहा गर्न दृढ हुनुहोस् ।

### आजको लागि प्रार्थना:

प्रिय परमेश्वर, मेरो कदमहरुमा तपाईको क्रमबद्धता ल्याउनुहोस् भनी र मैले हिड्नु पर्ने मार्ग देखाउन र मैले अङ्गाल्नु पर्ने मेरो गन्तव्यका लागि म प्रार्थना गर्दछु । यो मलाई प्रकट गरिदिनका लागि तपाईसित बिन्ती गर्दछु ताकि म अर्को कदम पूर्ण आत्मविश्वासका साथ चाल्न सकूँ ।

### आजको लागि बाईबल खण्ड:

यर्मिया २९:११ किनभने जुन योजनाहरु मैले तिमीहरुका निम्ति बनाएको छु, ती म जान्दछु, परपप्रभु भन्नुहुन्छ । ती तिमीहरुका उन्नतिका निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरुलाई आशा र भविष्य दिनलाई ।

१ कोरिन्थी १४:४० तर सबै काम शिष्टतापूर्वक र सुव्यवस्थित ढङ्गले हुनुपर्छ ।

भजनसंग्रह ११९:१३३ तपाईको वचनअनुसार मेरा पाइलाहरु स्थिर गरिदिनुहोस्, र कुनै पापले ममाथि राज्य गर्न नपाओस् ।

भजनसंग्रह ३७:२३ यदि परमप्रभुलाई मानिसको मार्ग मन पर्‍यो भने उहाँले त्यसका पाइला दह्रिला पार्नुहुन्छ ।

# मनको लागि मनमा युद्ध हुँदछ

२ कोरिन्थी १० अध्यायमा, आत्मियुद्धको हाम्रो हतियारहरु चलायनकोल लागि बाईबलले हामीलाई उत्साहित गर्दछ जुन हतियार परमेश्वरको कारण शक्तिशाली छन् र अन्धकारका शक्तिलाई नष्ट गर्न सक्षम छन् । त्यसपछिको पदहरुमा पनि, हाम्रो आत्मिकयुद्धको हातहतियार प्रति लक्षित हुनका लागि हामीलाई निर्देशन गरिएको छ । यस सम्बन्धमा, हामीलाई शैतानको विरुद्धमा, अन्धकारको शक्तिको विरुद्धमा, हाम्रो आत्माको शत्रुहरु-का विरुद्धमा युद्ध गर्नका लागि भनिएको होइन । बरु यो आत्मिक हातहतियार उद्देश्य भनेको हाम्रो मनको लागि हो । परमेश्वरले हाम्रो कल्पनाहरुलाई, हाम्रो ज्ञान र अनुभवहरु, र साथै हाम्रो विचारहरुलाई लक्षित गरेको चाहानुहुन्छ । हामीलाई सबै कल्पनाहरुलाई त्याग्नका लागि भनिएको छ र त्यो अरु कुराहरुलाई पनि त्याग्नका लागि भनिएको छ जुन परमेश्वरको बुद्धिको विरुद्धमा छ र त्यसलाई ख्रीष्टको अधिनमा ल्याउनका लागि भनिएको छ । ठूलो युद्ध हुँदैछ र हाम्रो मनलाई परमेश्वरबाट टाढा गर्ने ती कुराहरुका विरुद्धमा हाम्रो आत्मिक हातहतियार चलयानलाई तालिम दिनु हाम्रो कर्तव्य हो । आफैसित बोल्नुहोस्... यो युद्ध जित्नुहोस्... तपाईको मनको सबै समय भन्दा ठूलो आत्मिक युद्ध ।

## आजको लागि प्रार्थनाः

प्रिय प्रभु, तपाईको शुत्ररुहको बारेमा मेरो मनमा आउने विचारहरुलाई रोक्न मलाई शक्ति दिनुहोस् । मलाई मुक्तिको टोपी ल्याउन सहायता गर्नुहोस् ताकि मेरो मनमा म दह्रिलो हुन सकूँ र तपाईको शत्रुलाई कुनै स्थान बनाउन दिन नसकूँ । मलाई तपाईको सत्यता सिकाउनुहोस् र अरु सबै कल्पनाहरुलाई म नष्ट गर्दछु । यो मेरो कर्तव्य हो । यसलाई गर्न मलाई सहायता गर्नुहोस् ।

## आजको लागि बाईबल खण्डः

२ कोरिन्थी १०:३-५ किनभने हामी संसारका हौं, तापनि संसारिक लड़ाइँ त  लड्दैनौं । किनकि हाम्रो युद्धका अस्त्र-शस्त्र सांसारिक होइनन्, तर किल्लाहरु नाश गर्ने ईश्वरीय सामर्थ्य तिनमा छ । परमेश्वरका ज्ञानको विरुद्धमा खड़ा हुने बहसहरु र हरेक अहङ्कारपूर्ण बाधालाई हामी नाश गर्छौं, र हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं ।

रोमी १२:१-२ यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरुलाई अनुरोध गर्दछु, कि तिमीहरुको आत्मिक उपासनाको रुपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रुपमा अर्पण गर । यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रुपले परिवर्तित हाओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो त्यो तिमीहरुले जाँच्न सक ।

## आत्मा जित्नाले परमेश्वरको राज्यमा थप्ने काम गर्दछ जबकि चेला बनाउनाले त्यसलाई गुणा गर्ने काम गर्दछ

एउटा पूरानो भनाईको बारेमा एउटा बुझ्न सकिने फरकता छ , “मलाई एकजना मानिस, एउटा माछा देओ र उसलाई एकदिनसम्म खुवाओ, मानिसलाई माछा मार्न सिकाओ र उसले जीवन भर कमाई गर्नेछ ।” जब हामी जोड र घटाउको सिद्धान्त बीचको फरकलाई हेर्दा यही सत्यता त्यहाँ लागू हुन्छ । यदि दुई संख्याहरुलाई जोड्ने हो भने, त्यो त्यही दुई संख्याले गुणन गर्दा आउने संख्या भन्दा अति नै कम हुन्छ । सम्भवत यही कारणले गर्दा परमेश्वरले विश्वासीहरुलाई संसारमा गई चेला बनाउनका लागि निर्देशन दिनुभयो । जब एक जना चेला बनाईन्छ त्यो चेला आफै-ले निरन्तर अरुहरुलाई चेला बनाएर फल फलाउन थाल्दछ र जसकारण परमेश्वरको राज्य विष्पोटक रुपमा वृद्धि हुँदछ र भविष्यमा पनि निरन्तर भईरहन्छ । प्रत्येक विश्वासी आत्मा जित्ने व्यक्ति हुनुपर्छ तर आत्मा जित्नु चाहिँ एउटा शुरुवात मात्र हो । त्यसपछि हामी प्रत्येक नयाँ विश्वासीलाई कसरी ऊ आफै आत्मा जित्ने व्यक्ति हुने भनी सिकाउन उत्तरदायी हुन्छौं । महान् आज्ञामा समर्पित हुनुहोस् र परमेश्वरको राज्य विस्तारको योजनामा सहभागी हुनुहोस् । तपाईले तिनीहरुलाई चेला बनाउनको लागि के गर्नुभयो, तिनीहरुले पनि अरुहरुसित त्यही गर्नका लागि सिकाउनुहोस् ।

### आजको लागि प्रार्थना:

पिता, म निरन्तर बुद्धिमान हुन सकूँ र तपाईको राज्यको लागि आत्माहरु निरन्तर जित्न सकूँ । यद्दपि, प्रभु, मेरो छाप यही रोकिन नदिनका लागि मलाई उत्साह दिनुहोस् । चेलाहरु बनाउका लागि मलाई अनुग्रह गरिदिनुहोस् जोहरुले येशू पुनः नआउनुभए सम्म तिनीहरुको पुस्तामा परमेश्वरको राज्यको काम गर्नलाई निरन्तरता दिनेछन् ।

### आजको लागि बाईबल खण्ड:

हितोपदेश ११:३० धर्मात्माको फल जीवनको रुख हो, अनि जसले मानिसहरु उद्धारमा ल्याउँछ, त्यो बुद्धिमान् हो ।
२ तिमोथी २::२ धेरैजना साक्षीहरुका उपस्थितीमा तिमीले मबाट जे कुरा सुनेका छौं, ती अरुहरुलाई पनि सिकाउन सक्ने विश्वायोग्य मानिसलाई सुम्पिदेऊ ।
मत्ति २८:१९-२० तब येशू तिनीहरुकहाँ आएर भन्नुभयो, “स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिमीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु । ”